
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १९, पृष्ठ १० | काठमाडौं, मंगलबार ५ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४६ | TUESDAY, MAY 19, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार


## संविधान संशोधन
# कित्ताकाट कि मेलमिलाप ?




प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारद्वारा गठित 'संविधान संशोधन बहसपत्र निर्माण कार्यदल-२०८२' ले सरोकारवालाहरूसँग छलफल तीव्र बनाए पनि मुख्य राजनीतिक मुद्दाहरूमा दलहरूबीच गहिरो वैचारिक ध्रुवीकरण देखिएको छ। शासकीय स्वरूप (संसदीय कि प्रत्यक्ष निर्वाचित), राज्यको चरित्र (गणतन्त्र कि राजसंस्था), संघीयताको निरन्तरता वा खारेजी, निर्वाचन प्रणाली (मिश्रित कि पूर्ण समानुपातिक), र धर्मनिरपेक्षता जस्ता आधारभूत विषयमा नेपाली कांग्रेस, एमाले, माओवादी, रास्वपा र राप्रपालगायतका दलहरू आ-आफ्नै अडानमा विभाजित छन्।

**दिनेश गौतम** | *काठमाडौं*

समाचार पृष्ठ २



अमृत झा रिहाइ प्रकरण

## परराष्ट्र मन्त्रालयले माग्यो माफी



**काठमाडौं** (अन्नपूर्ण): इरानी सेनाको कब्जामा रहेका नेपाली नागरिक अमृत झा रिहा भइसकेको गलत सूचना सार्वजनिक गरेकोमा परराष्ट्र मन्त्रालयले माफी मागेको छ। झा अझै रिहा नभएको स्पष्ट पार्दै मन्त्रालयले आफ्नो त्रुटि र त्यसबाट सिर्जना भएको अन्योलप्रति क्षमा मागेको हो। मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै झा हाल इरानको बन्दर अब्बासमा पुर्पक्षका लागि थुनामै रहेको जनाएको छ। उनको मुद्दा त्यहाँको स्थानीय अदालतमा विचाराधीन छ।

परराष्ट्र मन्त्रालयका अनुसार अमेरिका, इजरायल र इरानबीच गत फेब्रुअरी २८ मा द्वन्द्व सुरु हुनुअघि नै झा पक्राउ परेका थिए। उनलाई जनवरी २०२६ को सुरुमा इरानको केश्म (क्युसिएम) टापुबाट अवैध सामान ओसारपसारको आरोपमा अन्य ६ जना विदेशी नागरिकसँगै इरानी सुरक्षाकर्मीले नियन्त्रणमा लिएका हुन्।

यसअघि गत अप्रिल १५ मा इरानका लागि नेपाली अनररी कन्सुल शाहराम सान्तीयले कतारस्थित नेपाली कार्यवाहक राजदूत कुमार राईलाई झा रिहा भइसकेको र रिहाइपत्रसमेत जारी भएको अनौपचारिक सूचना दिएका थिए।

त्यही सूचनाका आधारमा जनचासो, सञ्चारमाध्यम र परिवारको सोधपुछलाई सम्बोधन गर्न मन्त्रालयले झा रिहा भएको विज्ञप्ति निकालेको थियो। परराष्ट्रमन्त्री शिशिर खनालले समेत सामाजिक सञ्जालमार्फत यो जानकारी सार्वजनिक गरेका थिए। तर, त्यसको केही दिनपछि मात्रै वास्तविक तथ्य खुलेको हो। अदालतले उक्त मुद्दामा विशेषज्ञ प्रतिवेदन माग गरेकाले झा रिहा नभएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार गठित विज्ञ टोलीले अहिले प्रतिवेदन अदालतमा बुझाउने अन्तिम तयारी गरिरहेको छ।

स्थानीय अदालतमा विचाराधीन मुद्दाको किनारा इरानी कानुनअनुसार नै हुने भएकाले निष्पक्ष सुनुवाइ र रिहाइका लागि निरन्तर कूटनीतिक पहल भइरहेको मन्त्रालयले प्रष्ट पारेको छ। कूटनीतिक अन्योलमा दुःख व्यक्त गर्दै मन्त्रालयले झाको परिवारलाई मन्त्रालयमै बोलाएर यथार्थ जानकारी गराइसकेको छ।

# न्यायमूर्तिबीच नै टकराब

**अन्नपूर्ण** | *काठमाडौं*

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले प्रस्तावित प्रधानन्यायाधीशमा डा. मनोजकुमार शर्माको सिफारिसविरुद्ध परेको रिट तथा दरपीठविरुद्धका निवेदन तत्काल दर्ता गर्न दिएको आदेश कार्यान्वयन हुन सकेन।

मल्लले सोमबार प्रधानन्यायाधीश सिफारिसविरुद्ध परेको रिट तथा दरपीठविरुद्धका निवेदन अनिवार्य रूपमा दर्ता गर्न आदेश दिएकी थिइन्। अदालत प्रशासनलाई दिउँसो १ बजेसम्म निवेदन दर्ता गरेर मंगलबार पेसीमा चढाउन आदेश दिएलगत्तै प्रशासनका कर्मचारी कार्यकक्षबाट निस्किएका थिए।

गत वैशाख २४ गते प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले डा. शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो। परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लको साटो चौथो रोलक्रममा रहेका न्यायाधीश डा. शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको हो।

डा. शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरिएसँगै सर्वोच्चमा आन्तरिक संघर्ष देखिन थालेको छ। सर्वोच्च प्रशासनलाई नियमविपरीत निवेदन होल्डमा राख्न प्रस्तावित प्रधानन्यायाधीश डा. शर्माले निर्देशन दिएको बताइएको छ।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिसमा वरिष्ठता मिचेको दाबी गर्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता प्रेम





सिलवाललगायतले रिट निवेदन दायर गरेका थिए। रिट निवेदनलाई सर्वोच्च अदालत प्रशासनले दरपीठ गरेको थियो। वैशाख २८ गते दरपीठविरुद्ध अर्को निवेदन पेस भएको थियो। त्यसमा सुनुवाइ गर्दै कायममुकायम प्रधानन्यायाधीश मल्लले दरपीठविरुद्धको निवेदन सोमबार १ बजेभित्र दर्ता गर्न र मंगलबार पेसी चढाउन आदेश दिएकी हुन्।

प्रधानन्यायाधीशमा प्रस्तावित डा. शर्माको मंगलबार नै संसदीय सुनुवाइ हुने भएको छ। संसदीय सुनुवाइ समितिले अनुमोदन गरेमा डा. शर्मा मुलुकको ३३ औं प्रधानन्यायाधीश बन्नेछन्।

**अस्वाभाविक घटना : पूर्वन्यायाधीश**

न्यायाधीशको आदेश अवज्ञा गरिएको यो पहिलोपटक भएको पूर्वन्यायाधीशहरू बताउँछन्। पूर्वन्यायाधीश फोरमका उपाध्यक्ष पवन ओझाले सर्वोच्च अदालतमा भएको सोमबारको घटना स्वाभाविक नभएको बताए। सर्वोच्च अदालतका पूर्वन्यायाधीशसमेत रहेका ओझाले भने, 'यो अस्वाभाविक कुरा हो।' सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीका अनुसार सर्वोच्च अदालतको पछिल्लो घटनाले चिन्ता बढाएको छ।

बाँकी पृष्ठ ६


## संसद् नै तरंगित

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले प्रधानन्यायाधीश सिफारिसविरुद्ध परेका रिट र दरपीठविरुद्धका निवेदन दर्ता गर्न दिएको आदेशको विषयलाई लिएर प्रतिनिधिसभा बैठकसमेत तरंगित बनेको छ।

सोमबारको संसद् बैठकमा रास्वपा सांसदहरूले न्यायालयको भूमिका र शक्ति पृथकीकरणको सिद्धान्तमाथि प्रश्न उठाएका हुन्। सभामुख डोलप्रसाद अर्यालले यस विषयमा छलफलका लागि आकस्मिक समय उपलब्ध गराएपछि सदनमा सत्तापक्षीय दलहरूबीच नै मतभेद र वादविवादको स्थिति सिर्जना भयो।

संसद्मा रास्वपाका सांसदहरू यज्ञमणि न्यौपाने र समीक्षा बाँस्कोटाले कामु प्रधानन्यायाधीश मल्लको आदेशमाथि प्रश्न उठाउँदै न्यायालयले कार्यपालिका र व्यवस्थापिकाको कार्यक्षेत्रमा हस्तक्षेप गर्न खोजेको र 'स्वार्थको द्वन्द्व' देखिएको आरोप लगाए। प्रतिपक्षी बेन्चमा रहेका नेकपा (एमाले) का प्रमुख सचेतक ऐन महरले नियमापत्ति जनाएका थिए। महरले संविधानको धारा १०५ लाई उद्धृत गर्दै अदालतमा विचाराधीन मुद्दा र न्यायाधीशले कर्तव्य पालनाको सिलसिलामा गरेको काममाथि संसद्मा बहस गर्न बन्देज रहेको स्मरण गराउँदै रास्वपा सांसदहरूले बोलेका शब्दहरू संसद्को रेकर्डबाट हटाउन माग गरेका थिए।

## क्यानडामा पहिलोपटक हान्ताभाइरस संक्रमण पुष्टि



**ओटावा** (एजेन्सी): क्यानडाको सार्वजनिक स्वास्थ्य एजेन्सी (पीएचएसी) ले देशमा पहिलोपटक हान्ताभाइरस संक्रमणको पुष्टि भएको जनाएको छ। ध्रुवीय क्षेत्रको भ्रमणमा रहेको 'एमभी होन्डियस' नामक अभियानात्मक क्रुज जहाजका एक यात्रुमा यो सङ्क्रमण फेला परेको हो, जो हाल ब्रिटिस कोलम्बियामा आइसोलेसनमा छन्।

ब्रिटिस कोलम्बियाबाट संकलन गरिएका नमुनाहरू विनिपेगस्थित राष्ट्रिय माइक्रोबायोलोजी प्रयोगशालामा परीक्षण गर्दा शनिबार ती व्यक्तिमा संक्रमण पुष्टि भएको हो। यस प्रकोपका कारण हालसम्म तीन जनाको मृत्यु भइसकेको बताइए पनि संक्रमितसँगै यात्रा गरेका अर्का एक व्यक्तिको परीक्षण रिपोर्ट भने नेगेटिभ आएको छ। स्वास्थ्य अधिकारीहरूका अनुसार हान्ताभाइरस सामान्यतया संक्रमित मुसा वा अन्य कृन्तक (रोडेन्ट) जनावरको पिसाब, दिसा वा र्‍यालको प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्ने गर्दछ। यसको इन्क्युबेसन अवधि एकदेखि ८ सातासम्म हुनसक्छ।

# एमालेमा विद्याको 'रि-इन्ट्री'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको एमालेमा पुनरागमन हुने भएको छ। भण्डारीको सदस्यताका विषयमा विभाजित एमालेको सोमबार गुण्डुमा बसेको सचिवालय बैठकले पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरेको हो। अध्यक्ष ओलीले बैठकमा भण्डारीले सदस्यता नवीकरण गर्ने निवेदन आएको बताएका थिए।

एमाले सचिव पद्माकुमारी अर्यालले पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता खुला गर्ने निर्णय भएको जानकारी दिएकी छन्। 'एमाले सचिवालय बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता खुला गर्ने निर्णय गरेको छ,' सचिव अर्यालले भनिन्, 'राष्ट्रपति हुँदा त्याग्नुभएको थियो, अहिले त्यही खुला गरिएको हो।'

दुईपटक राष्ट्रप्रमुख भइसकेकी भण्डारी पदबाट बाहिरिएसँगै राजनीतिमा सक्रिय भएकी थिइन्। उनले देशव्यापी अभियान पनि सञ्चालन गरिन्। पार्टी सचिव अर्यालका अनुसार भण्डारीले यसअघि नै पार्टीको सदस्यता नवीकरण गरेकी थिइन्। तत्कालीन



पार्टी संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले नै भण्डारीको सदस्यता नवीकरण गरिदिएका थिए।

तर, त्यो गुपचुप रूपमा भएको नवीकरणलाई पार्टीको केन्द्रीय समितिको बैठकले स्वामित्व लिन नमानेपछि उनको सदस्यता रोकिएको थियो। स्वामित्व लिन नमान्नुको कारण पार्टीमा मात्र नभई नेतृत्वमै इच्छा जाहेर गरेपछि अध्यक्ष ओलीले सदस्यता रोकिदिएका थिए।

विद्या भण्डारीले २०८२ साल असार १४ गते जननेता मदन भण्डारीको ७४औं जन्मजयन्तीका

**लामो रस्साकस्सीबीच एमाले सचिवालय बैठकले सदस्यता नवीकरण गर्ने निर्णय गरेसँगै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी पुनरागमन निश्चित भएको हो।**

अवसरमा आयोजित कार्यक्रमबाट आफू सक्रिय राजनीतिमा फर्केको घोषणा गरेकी थिइन्। भण्डारीको यो घोषणासँगै एमालेभित्र तरंग फैलिएको थियो। यसले गर्दा तेस्रोपटक अध्यक्ष हुने ओलीको चाहनामा ब्रेक लाग्ने आशंकामा विद्या भण्डारीको सदस्यता रोकिएको थियो। २०८२ भदौमा भएको विधान महाधिवेशनमा विधानमा भएको दुई कार्यकालको व्यवस्था र ७० वर्षे उमेरहदको व्यवस्था हटाएर ओलीले तेस्रोपटक अध्यक्ष हुने बाटो खोलेका थिए।

ओलीको यो कदमलाई उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलको पनि साथ थियो। तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल लगायतका नेताहरू भने भण्डारीलाई सदस्यता दिनुपर्ने र दुई कार्यकाल तथा ७० वर्षे उमेरहद कायम राख्नुपर्ने पक्षमा थिए। गत वर्ष साउनकै केन्द्रीय समितिको बैठकले भण्डारीको सदस्यता खारेज नै गर्ने निर्णय गरेको थियो।

त्यसपछि ओली र विद्याबीचको सम्बन्ध 'पानी बाराबार' को अवस्थामा पुगेको थाहा हुन्थ्यो। २०८२ मंसिरमा भएको ११औं महाधिवेशनमा विद्या भण्डारीले आफ्नै समूह बनाएर उम्मेदवारसमेत उठाएकी थिइन्, जसको नेतृत्व गरेर ओलीसँग ईश्वर पोखरेल चुनाव लडेका थिए।

तत्कालीन एमाले महासचिव मदन भण्डारीको २०५० जेठ ३ मा चितवनको दासढुंगामा भएको रहस्यमय दुर्घटनापछि विद्या भण्डारी सक्रिय राजनीतिमा आएकी हुन्। उनी दुईपटक पार्टीको उपाध्यक्ष पनि भइन्। ओलीकै समूहबाट उनले दुवैपटक उपाध्यक्ष जितेकी थिइन्। उनी २०६६ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारमा रक्षामन्त्री बनेकी थिइन्। २०७२ असोजमा राष्ट्रपति हुनुपूर्व उनी एमालेकी उपाध्यक्ष नै थिइन्।

बाँकी पृष्ठ ६